REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

1840 HRS 27/04/2024

---

**राज्यपाल-मुख्यमन्त्री**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज राज्यका राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यलाई नयाँ दिल्ली स्थित सिक्किम हाउसमा शिष्टाचार भेट गर्नुभयो। यस अवसरमा दुवै नेताले राज्यको विकास र समृद्धिबारे चर्चा गर्नुभएको थियो।

**तरुणदीप राई -आर्चरी**

राज्यका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आर्चेरी विश्वकपमा स्वर्ण पदक जितेको सिक्किमका आर्चर तरुणदीप राईलाई बधाई दिनुभएको छ। उहाँले तरुणदिप राई सहित भारतका अन्य पदक विजेताहरूलाई पनि बधाई दिनुभएको छ। चीनको सांघाईमा भइरहेको आर्चरी विश्वकपको पहिलो चरणमा सिक्किमका आर्चर तरुण दीप राईसहितको भारतीय रिकर्भ पुरुष टिमले स्वर्ण पदक जितेको छ। भारतीय आर्चर धीरज बोम्मा देवरा, तरुणदीप राई र प्रवीण जाधवले दक्षिण कोरियाको ओलम्पिक च्याम्पियन टीमलाई पराजित गर्दै उपाधि जितेका हुन् । आर्चरी विश्वकपको फाइनलमा भारतले उत्कृष्ट आर्चर्सलाई पछि पार्दै जित दर्ता गरेको यो पहिलो पटक हो। यसले आगामी पेरिस ओलम्पिकमा भारतीय टीमको सहभागिताको सम्भावना बढेको छ।

यस प्रतियोगितामा भारतले अहिलेसम्म 5 स्वर्ण, 2 रजत र 1 कास्य पदक जितिसकेको छ।

**सोरेङ- पशुपालन**

विश्व पशु चिकित्सा दिवसको पूर्व संध्यामा शनिबार सोरेङ जिल्लामा पशुहरूमा हुने विभिन्न रोगमाथि जागरुकता कार्यक्रम आयोजित भएको थियो। “पशु चिकित्सक आवश्यक स्वास्थ्य कार्यकर्ता हुन्" भन्ने थीम सहित साङ्गादोर्जी ग्राम पंचायतको हात्ती ढुंगा स्कूलको खेलमैदानमा आयोजित कार्यक्रममा मानिसहरूलाई पीपीआर, एफएमडी, ब्रुसेलोसिस जस्ता पशु रोगबारे जानकारी दिनसंगै बाछा प्रदर्शनी पनि राखिएको थियो। स्थानीय पञ्चायत सभापति साथै पशुपालन विभागका अतिरिक्त निर्देशक डाक्टर किशोर थापा लगायत अन्य अधिकारीको उपस्थितिमा आयोजित जागरुकता कार्यक्रममा कलुक ब्लकका विभिन्न गाउँबाट 70 जना किसानले सहभागिता जनाएका थिए। यसरी नै कुल 31 वटा विभिन्न जातका बाछा पनि प्रदर्शनमा राखिएका थिए। जसमा प्रथम तीन स्थानमा आउने प्रतियोगीलाई पुरस्कार प्रदान गरिएको थियो। विभागले विभिन्न पशुरोग बारे जागरुकता कार्यक्रम आयोजित गरेर किसानलाई फाइदा उठाने अवसर दिएकोमा पञ्चायत सभापतिले विभागप्रति आभार व्यक्त गर्नुभएको छ।

## सिटिजन एक्सन पार्टी

सिटिजन एक्सन पार्टीका नेता श्री गणेश राईको अध्यक्षतामा आइतबार मल्लीमा पार्टीको समन्वय सभाको सम्पन्न भयो। सभामा पार्टीका वरिष्ठ नेता एवम् कार्यकर्ताहरूको उपस्थिति रहेको थियो। सभामा सिक्किम विधानसभा अनि लोकसभा चुनाउ विषयमा समीक्षा गर्नका साथै भावी रणनीति विषयमा चर्चा भएको जारी एक प्रेस विज्ञप्तिमा जनाइएको छ।

## SIKKIMS GIRL BAGS SILVER MEDAL IN BENGALURU

सिक्किमकी प्रसिद्ध महिला धावक फुर्वा तामाङले TCS World 10K Bengaluru Marathon मा रजत पदक जितेकी छन्। दक्षिण सिक्किमको लिङ्मो गाउँ निवासी तामाङले 25 देखि 29 वर्ष उमेर समुहको प्रतियोगितामा रजत पदक जितेकी हुन्। Tata Consultancy Services (TCS) World 10K Bengalurको 16औं संस्करण आइतबार बिहान शुरु भएको थियो।
श्री कान्तेराव स्टेडियम परम्परागत रूपमा यस म्याराथनको केन्द्रबिन्दु रहेको भए पनि यस पटक फिल्ड मार्शल साम मानेकशा परेड ग्राउन्डबाट सुरु भएको दौड आर्मी पब्लिक स्कुलमा समापन भएको थियो। सँधै जस्तै, यो मैदानमा देश र विदेशका ख्यातिप्राप्त धावकहरू समावेश थिए।

## लोकसभा चुनाउ प्रचार

लोकसभा चुनाउको तेस्रो चरण तथा शेष अन्य चरणका लागि देशका विभिन्न राज्यमा चुनाउ प्रचार तेजगतिमा अघि बढिरहेको छ। राजनीतिक दलका प्रमुख नेताहरू अनि उम्मेदवारहरू चुनाउ प्रचारमा व्यस्त छन्। तेस्रो चरणको मतदान 7 मईमा हुनेछ, जसमा बाह्र राज्यका चौरानब्बे सिटका लागि मतदान हुनेछन्।

चौथो चरणमा छ्यानब्बे सिटका लागि 13 मईमा मतदान हुनेछ। 20 मईको दिन पाँचौ चरणमा उन्चास सिटमा, 25 मईको दिन छैटौं चरणमा सन्ताउन सिटमा अनि 1 जूनको दिन सातौं चरणमा सन्ताउन सिटका लागि मतदान हुनेछन्। मतगणना 4 जूनको दिन हुनेछ। यद्यपि सिक्किम अनि अरुणाचल प्रदेश विधानसभाको मतगणना भने 2 जूनको दिन हुनेछ।